त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुगार,रोल्पा लुम्बिनी प्रदेश,नेपाल

मिति :- २०८१/०५/१३

विषय: **बैठकको निर्णय सार्वजनिक गरिएको ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ भाद्र ११ गतेको दोस्रो बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • गाउँपालिकाको प्रशासकीय भवनको डिपिआर तयारको लागि पेश भएको डिजाइनको सम्बन्धमा सुझाव दिने । | |
| २ | • जुगार निगालपानी सडकको मथुरापानी सिम्पानी खण्ड कालोपत्रेको लागि रु. ५ करोडमा ठेक्का आह्वान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । | |
| ३ | • आ.व. २०८०/०८१ मा सम्पन्न भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) मा यस त्रिवेणी गाउँपालिका ७९.५ अङ्कका साथ जिल्लास्तरमा प्रथम भएको जानकारी प्राप्त भएकोले उक्त नतिजा प्राप्तिको लागि अथक प्रयास गर्नुहुने जनप्रतिनिधि, कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्ने । | |
| ४ | • मनसुनी वर्षाको कारण विभिन्न सडकमा आएको पहिरो हटाई यातायात सुचारु गर्ने । वडा कार्यालयको अगुवाई र सरोकारवालाहरुको सहभागितामा मोटर/घोरेटो/गोरेटो बाटो सरसफाईको लागि असोज ३ गतेदेखि कम्तिमा एक हप्ताको सामुदायिक झारा सञ्चालन गर्ने । | |
| ५ | • गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक समिक्षा मिति २०८१/०५/२६ गतेका दिन गाउँपालिकाको सभाहलमा आयोजना गर्ने । साथै उक्त दिन सबै विषयगत समिति, शाखा/इकाई र वडा कार्यालयहरुले वार्षिक कार्ययोजना पेश गर्ने । | |
| ६ | • गाउँपालिकामा रहेका प्रहरी चौकीहरुलाई जिम्मेवारीको आधारमा प्रति वडा १० लिटरका दरले पेट्रोल उपलब्ध गराउने । गाउँपालिकाको सवारी साधन इन्धन तथा मर्मत खर्चको मासिक दर स्वीकृत गर्ने । | |
| ७ | • यस गाउँपालिकामा ठूलो मात्रामा उत्पादन हुने टिम्मुरलाई प्रशोधन तथा बजारीकरण गर्नको लागि पतञ्जली योगपिठ नेपाललाई अनुरोध गर्ने र सो को लागि गाउँपालिकाबाट आवश्यक सहजीकरण गर्ने । | |
| ८ | • गाउँपालिकाको विभिन्न वडामा यस वर्षको मनसुनी वर्षाबाट आएको पहिरोले क्षति गरेका खानेपानी योजनाको लागि खानेपानी पाइपको व्यवस्थापन गर्ने ।<br>• गाउँपालिकाको वडा नं. २ को दहवनमा भएको ट्याक्टर दुर्घटना र वडा नं. ४ को चक्रीमा भएको पिकअप दुर्घटनाका घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।<br>• अरनिको मा.वि. नुवागाउँमा उच्च प्रभावयुक्त सामुदायिक आयोजना अन्तर्गत विद्यालय पूर्वाधार सुदृढीकरण आयोजना सञ्चालन गर्न डिपिआर तयार तथा माटो परीक्षण गर्ने । | |

.................................

(कविराज बुढा)

प्रवक्ता

प्रवक्ता

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : info@trivenimunrolpa.gov.np